नेपाल सरकार

# नेपाल ट्रष्टको कार्यालय,

कमलादी, काठमाडौं ।

## गोकर्ण राजनिकुञ्जस्थित नालामा रहेका बालुवा/माटोको लिलाम बिक्री सम्बन्धी बोलपत्र आह्वानको सूचना !

सूचना नं. 02/NCB/REVENUE/NTO/2080-81

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८०/१०/०९ गते**

यस नेपाल ट्रष्ट कार्यालयको स्वामित्वमा रहेको गोकर्ण राजनिकुञ्जस्थित नालामा रहेका बालुवा/माटोको जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र बोलपत्र खरिद गरी १६ (सोह्र) दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराउनु हुन इच्छुक फर्म, संस्था वा कम्पनीलाई आह्वान गरिन्छ। यस सम्बन्धमा विस्तृत व्यहोरा बोलपत्र फाराममा उल्लेख गरिएको छ। यस अतिरिक्त अन्य कुरा बुझ्नु परेमा वा सम्पत्ति तथा मालसामान हेर्न चाहेमा यस कार्यालयमा सम्पर्क राख्न अनुरोध छ। साथै यस सम्बन्धी विस्तृत सूचना कार्यालयको Website: nepaltrust.gov.np मा हेर्न सकिनेछ।

नेपाल सरकार
नेपाल ट्रष्टको कार्यालय,
कमलादी, काठमाण्डौ ।

**गोकर्ण राजनिकुंजस्थित नालामा रहेका बालुवा/माटोको लिलाम बिक्री सम्बन्धी सूचना ।**

आ.व.- २०८०।०८१

सूचना नं. 02/NCB/REVENUE/NTO/2080-081

प्रथम पटक सूचना प्रकाशित मिति-२०८०/१०/९

यस नेपाल ट्रष्ट कार्यालयको स्वामित्वमा रहेको गोकर्ण राजनिकुंजस्थित नालामा रहेका बालुवा/माटो लिलाम बिक्रि गर्ने निर्णय भएकोले उक्त बालुवा/माटो जे जस्तो अवस्थामा छन् सोहि अवस्थामा बोलपत्रको माध्यमद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकाले ईच्छुक फर्म संस्था वा कम्पनीले देहायका शर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. ईच्छुक बोलपत्रदाताहरुले यस कार्यालयबाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन् ।
२. ईच्छुक बोलपत्रदाताले २०८०/१०/२३ गतेसम्म कार्यालय समयभित्र फिर्ता नहुने गरी रु.१०००।००अक्षरुपी रु.(एक हजार रुपैँया मात्र) राष्ट्रिय वाणिज्य बैङ्क स्थित यस कार्यालयको को राजस्व खाता नं. १०००१००२०००१०००० कार्यालय कोड नं. ३०१०३३५०१ राजस्व शिर्षक नं. १४२२९ मा बुझाई सक्कल राजस्व दाखिला भौचरसहित बोलपत्रदाताको फर्मदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखि बोलपत्र फाराम खरिदको लागी निवेदन पेश गर्नुपर्नेछ ।
३. बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले १६ (सोह्र) दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ ।
४. कार्यालयमा दर्ता भएका बोलपत्रहरु प्रथम पटक सूचना प्रकाशन भएको मितिले १६(सोह्रौ) औ दिनको दिन दिउसौँ १:०० बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. लिलाम बिक्रि हुने गोकर्ण राजनिकुंजस्थित नालामा रहेका बालुवा/माटो हेर्न चाहने बोलपत्रदाताले कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राख्नुपर्नेछ ।
६. बोलपत्रदाताले बोलपत्र साथ जमानत वापत आफुले कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको दश प्रतिशत रकम राष्ट्रिय वाणिज्य बैङ्क ठमेल शाखामा रहेको धरौटी खाता नं. ११००१००१०२०३०००० मा जम्मा गरी सो को सक्कल बैंङ्क भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा नब्बे दिन म्याद भएको बैङ्क जमानत (बिड बण्ड) पेश गर्नु पर्नेछ ।

७. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ ।
८. यो सूचनामा उल्लेख नभएको अन्य कुराहरु प्रचलित नेपाल सरकारको कानुन बमोजिम हुनेछ ।

लिलाम हुने बालुवा तथा माटोको न्युनतम कायम मुल्य रु. ५,२०,९१३.६८ (पाँच लाख बिस हजार नौ सय तेह्र रुपैया र अठसट्ठी पैसा) रहेको छ ।